# नेपाली व्याकरणको विकास परम्परा

**हेरम्वराज वास्तोला**

**herambarajb@gmail.com**

**लेखसार**

*नेपाली भाषाको सङ्क्षिप्त परिचय, व्याकरणको प्रारम्भिक स्थिति, नेपाली भाषाको लेख्य अभिलेख, नेपाली भाषा तथा साहित्यको विकासमा भएका केही आन्दोलनहरूबारे सङ्क्षिप्त चर्चा गर्दै नेपाली व्याकरणको परम्परासम्बन्धी यस लेखमा बिमर्श गरिएको छ। व्याकरण भाषाको अनुशासन हो। भाषालाई व्याकरणले अनुशासित बनाउँछ। मनुष्यले आफ्ना मनका भाव आपसमा बुझाउनका लागि प्रयोग गर्ने माध्यम नै भाषा हो। कथ्य भाषा प्रयोगको धेरै समय पछि लेख्य स्वरूप प्रयोग हुन थाल्यो, लेख्य स्वरूप प्रयोगसँगै भाषानुशासन/व्याकरणको आवश्यक भयो। नेपाली भाषामा गोरखापत्र प्रकाशन हुन थालेको समय विन्दुलाई एउटा ऐतिहासिक कोसेढुङ्गाको रूपमा लिदै एटन (१८२०) देखि गोरखा पत्र प्रकाशन बीचको अवधीलाई नेपालीमा व्याकरण विकासको पृष्ठभूमि काल वा पहिलो चरण मानिएको, नेपाली भाषाको पहिलो पाठ्यपुस्तक अक्षराङ्क शिक्षा र गोरखापत्र (१९५८) प्रकाशन भएपछि भने नेपाली भाषामा व्याकरणको अभाव भएको सम्बन्धमा मन्थन हुन थालेको , १९५८ देखि झर्रो आन्दोलन (२०१३) सम्मको अवधीलाई नेपाली व्याकरण लेखन परम्पराको दोस्रो चरण मानिएको, वि.सं. १०१४ मा नेपाली विद्वान् रामराज पन्तको नेपाली भाषा विज्ञान प्रकाशित भएपछि नेपाली व्याकरण परम्पराले नयाँ मोड लिएको, यस अवधीमा विदेशी भाषा अध्येताहरूबाट पनि भाषावैज्ञानिक अध्ययनका कार्य अघि बढाउने कार्य भएको यस अवधीलाई तेस्रो चरण मानिएको देखिन्छ। भाषाशास्त्रीय अध्ययन तथा लेखन, भाषा व्याकरण लेखन, शैक्षणिक व्याकरण लेखन तथा वर्णविन्यास सम्बन्धी चिन्तन र बहस हालसम्म पनि निरन्तर प्रक्रियाकै रूपमा चलिरहेको र चलिरहने निष्कर्ष प्रस्तुत गरिएको प्रस्तुत लेख तयारीका क्रममा मूलत : पुस्तकीय अध्ययनलाई आधार बनाइएको छ।*

**मुख्य शव्दहरू :** भाषानुशासन, व्याकरण परम्परा, भाषाशास्त्र, वर्णविन्यास

## १. विषय प्रवेश

व्याकरण भाषाको अनुशासन हो। जब भाषालाई व्याकरणले अनुशासित बनाउँछ भने भाषा आफैँ चाहिँ के हो त यस सन्दर्भबाट यस प्रसङ्गको उठान गरौँ, भाषा के हो ? मनुष्यले आफ्ना मनका भाव आपसमा बुझाउनका लागि प्रयोग गर्ने माध्यम नै भाषा हो। यस आम उत्तर बाहेक मानव मुखोच्चरित सार्थक ध्वनि भाषा हो, भाषा भनेको मुख्यतया बोलिने कुरा हो र भाषाको बोलिने पक्ष नै मुख्य पक्ष हो। कथ्यका तुलनामा गौण भए तापनि भाषामा लेख्य स्वरूपको पनि ठूलो महत्त्व छ। कथ्य भाषाले लेख्य स्वरूप नपाउने हो भने भाषाको जीवन्ततामा चुनौति खडा हुन्थ्यो। भाषामा बोधगम्यता गुम्दै जानसक्थ्यो। यसरी हेर्दा भाषालाई जीवन्त राख्न कथ्य स्वरूपसँगै त्यसको लेख्य स्वरूप र लेख्य

स्वरूपलाई एकरूपता दिई साझा मानक र बोधगम्य बनाइराख्न भाषानुशासन/व्याकरण अपरिहार्य हुन्छ। प्रस्तुत लेखमा नेपाली व्याकरण विकास परम्पराको चर्चा गर्दा नेपाली भाषाको पनि छोटो चर्चा गर्नु वाञ्छनीय हुन्छ। आज नेपाली भाषा नेपालको राष्ट्र भाषा, सरकारी कामकाजको भाषा, शिक्षाको माध्यम भाषा, लगभग आधा जनसङ्ख्याको मातृभाषा र लगभग सबै जनताको साझा सम्पर्क भाषाका रूपमा रहेको छ। नेपाली भाषाले आजको यो स्वरूप प्राप्त गर्न यसको लामो ऐतिहासिक पृष्ठभूमि रहेको छ। कुनै पनि भाषाले राष्ट्रिय स्वरूप र स्वीकार्यता प्राप्त गर्न उक्त भाषामा निम्न विशेषता आवश्यक हुन्छन् :

(क) ऐतिहासिकता
(ख) सांस्कृतिक विशिष्टता
(ग) मानक वा स्तरयुक्तता
(घ) स्वतन्त्र वा स्वायत्तता
(ङ) जीवन्तता
(च) भाषिक सम्पन्नता
(छ) साझा सम्पर्कमा स्वीकार्यता
(ज) सरकारी कामकाजमा सहजता
(झ) शिक्षा तथा सञ्चारमा सहज प्रयोग
(ञ) अधिकांश जनता र क्षेत्रमा प्रशारित र
(ट) राष्ट्रिय एकत्वको भावनाको संवाहक

(पौडेल, २०६९)

माथिका मध्ये केही विशेषता भएका भाषाहरूलाई पनि राष्ट्र भाषा मानिएको पाइन्छ यद्यपि नेपाली भाषामा भने उपरोक्त सबै विशेषताहरू अन्तरनिहित छन्। यसलाई लेख्यीकरण मानकीकरण सर्व स्वीकार्य र प्रयोग क्षेत्र विस्तार गर्न निकै लामो प्रयास, भाषिक समुदाय तथा सचेत विद्वान्हरूको अथक योगदान रही आएको छ। प्रस्तुत लेखमा नेपाली भाषा विकास परम्परामा व्याकरण परम्परा कस्तो रहेको छ। त्यस बारे केही चर्चा गर्ने प्रयास गरिएको छ।

### व्याकरणको प्रारम्भिक स्थिति

नेपाली भाषामा लेखिएका पुराना लेखोटहरूमा संस्कृत प्रभावको वर्णविन्यास प्रयोग भएको पाइन्छ। संस्कृत प्रभाव भन्नाले तत्सम शब्दहरू संस्कृतका नियमानुसार र नेपाली मौलिक शब्दमा भने जथाभावी लेख्ने प्रचलन रहेको देखिन्छ। त्यतिबेला नेपाली भाषा संस्कृत भाषा जस्तो परिष्कृत र उच्च कोटीको भाषा नठानिएकाले यसको एकरूपता र अनुशासनमा ध्यान नदिइएको हुनसक्छ। ह्रस्वलेखन, सकार लेखन, पञ्चम वर्णका सट्टामा शिरविन्दु प्रयोग, सुविधानुसार अजन्त हलन्त लेखन बहुप्रचलित छ भने संस्कृत शब्दको तद्भवीकरण जस्ता विशेषता देखिनुले नेपाली भाषा प्रयोगमा संस्कृत प्रभाव घटाउन खोजिएको देखिन्छ तथापि मानकसचेत प्रयास भन्दा पनि आफूखुसी प्रयासमा नै यी प्रयोगहरू सीमित देखिन्छन् (आचार्य, २०७४, पृ. ३१)।

## २. नेपाली भाषाको सङ्क्षिप्त परिचय

नेपाली भाषा भारोपेली भाषा परिवारको एउटा सदस्य हो। यसलाई भारोपेली खलकको सतम् वर्गमा पर्ने, आर्य इरानेली शाखाबाट संस्कृत प्राकृत र अपभ्रंस हुँदै विकसित भएको एउटा आधुनिक आर्यभाषा मानिन्छ। आधुनिक आर्यभाषाका रूपमा यसको जन्म कुन अपभ्रंशका गर्भबाट भएको हो भन्ने अझै निश्चित हुन सकेको छैन। धेरैले यसलाई खस वा पहाडी अपभ्रंशबाट विकसित भाषा मानेका छन् (श्रेष्ठ र शर्मा, २०६१, पृ. ३)। नेपाली भाषाको उद्भवका सम्बन्धमा शर्मा (२०५६) भन्दछन् : भारोपेली भाषा परिवारमा सबैभन्दा प्राचीन प्राप्य भाषाहरूमा संस्कृत पनि हो, कुनै एक संस्कृत भाषिकाबाट कुनै एक प्राकृत भाषिका हुँदै नेपाली भाषा आजको युगमा विकसित भएको हो। जसरी संस्कृत विभिन्न जीवित भाषिकाहरूको केन्द्रीय स्तरीय पठित भाषा थियो उसरी नै शौरसेनी वा अरू कुनै प्राकृत पनि पठित भाषा वा भाषिका थियो। आधुनिक नेपाली भाषाको विकास यस्तै संस्कृतको कुनै बोलिने भाषिकाबाट विस्तारीविस्तारी अरूअरू

भाषिकाहरूमा कहिल्यै नटुङ्गिने प्रभावहरूलाई आत्मसात गर्दै कुनै प्राकृतको बोलिने भाषिका हुँदै र स्तरीय र अरूखाले संस्कृत अनि प्राकृत भाषिकाहरूका निरन्तरका प्रभावहरूलाई समयसमयमा ग्रहण गर्दै आजका रूपमा भएको हो (पृ. २)। नेपाल भूमिमा भारोपेली भाषाको प्रवेश कहिले भयो भन्ने सवालमा विद्वान्हरूमा मतैक्य पाइँदैन सूर्यविक्रम ज्ञवालीलाई उधृत गर्दै पराजुली (२०४५) लेख्छन् : अधिकांश भारोपेलीहरू विशेषतः हिन्दुहरू कोही मुसलमानको आक्रमणबाट बच्न, कोही नयाँनयाँ राज्यका लागि रजाईंयोग्य ठाउँहरूको खोजीमा मध्यकालको बसाइँ सराइ अन्तर्गत दक्षिण पश्चिम भेगबाट नेपाल प्रवेश गरेको अडकल इतिहासकारहरूले लगाएका छन् (पृ. १०)। ठूलो सङ्ख्यामा खस आर्यहरूको प्रवेश मध्यकालको खसराज्य विस्तारका समयमा भए पनि प्राचीन कालका आरम्भतिर नै नेपाली भूभागमा ब्राह्मण तथा क्षेत्रीहरूको ठूलो सङ्ख्या रहेको अनुमान रहेको छ। आचार्य (२०७३) नेपालमा आर्य सभ्यताको प्रवेश विक्रमपूर्व ७०० को आसपासतिर भएको दावी गर्छन्। आफ्नो पुस्तक नेपालको सङ्क्षिप्त इति वृत्तान्तमा लेख्दछन् : दनुवार वा दरैहरू र कुम्हाल वा कुमालेहरूको सहयोग एवम् सम्पर्कबाट सभ्यताको सोपानमा अग्रसर भएपछि यहाँका मूल निवासी नेपार र नेवारहरूमा पनि उमङ्ग पैदा भएको र भारतीय व्यापारीहरूको देखासिकी गरी यिनीहरू पनि व्यापारको सन्दर्भमा उत्तरी भारतमा रहेका आर्यहरूका सम्पर्कमा पुगेका थिए। उनको यस भनाइबाट विक्रमपूर्व ७०० देखि नै नेपाली भूभागमा भारोपेली भाषा प्रयोग प्रचलनमा थियो भन्ने देखिन्छ। लिच्छविकालमा आइपुग्दा भारोपेली संस्कृत भाषा राजभाषाका रूपमा आइसकेको थियो। आज नेपाली भाषाले सोही भाषाको आनुवांशिक उत्तराधिकार पाएर अगाडि बढ्दै आएको हो। कतिपय विद्वान्हरूले शौरसेनी प्राकृतलाई नेपालीको मूल मानेका छन् तर केही विचारकहरूले नेपाली र यससँग निकटतम सम्बन्ध राख्ने कुमाउनी तथा गढवालीहरूको मूल खस अथवा पैशाची प्राकृतलाई ठानेका छन्। जे होस नेपाली संस्कृतको कुनै भेदबाट विकसित भएको हो भन्नेमा भने कसैको विमति छैन (पोखरेल, २०५५, पृ. २२)। यसरी हेर्दा विक्रम पूर्वदेखि नै भारोपेली परिवारको संस्कृत भाषा नेपालमा बोलिन्थ्यो। संस्कृत भाषाकै भेदबाट विकसित भएको भाषा आजको नेपाली भाषा हो भन्ने स्पष्ट हुन्छ।

## ३. नेपाली भाषाको लेख्य अभिलेख

पोखरेलले वि.सं. १०३८ को भूपाल दामुपालको दुल्लु शिलालेखलाई नेपाली भाषाको पहिलो शिलालेख भएको उल्लेख गरेका छन्। खनाल (२०७०) ले वामु खड्काको स्तम्भलेख १०१६ तिर, लाई उल्लेख गर्छन्। भास्वती (वेनामी सं. १३९० तिर) खण्डखाद्यक सं. १४५० पूर्व, अक्षयमल्लको अछाम पञ्चदेवल शिलालेख संवत १३३७, आदित्य मल्लको गोर्खा अभिलेख १३७८ हुँदै १८३१ को दिव्योपदेश, वंशावली तथा पृथ्वीनारायणको जीवनीसम्म लेखिएका नेपाली भाषाका लेख्य सामग्रीहरूसम्म आइपुग्दा नेपाली भाषाको लेखनले परिष्कृत रूप पाउँदै आयो। यद्यपि यसको प्रयोगानुशासन र व्यवस्थित व्याकरणको प्रारम्भ भने हुन सकेको थिएन। शर्मा (२०७०) अठारौँ शताब्दीको अन्त्य र १९ औँ शताब्दीका सुरुदेखि नेपाली भाषामा ग्रन्थहरू लेखिन थालेको बताउँछन् (पृ. २)। नेपाली भाषाको लेख्य प्रचलनको पनि निकै पछिदेखि मात्रै व्याकरण लखनको परम्परा सुरु भएको देखिन्छ।

## ४. नेपाली भाषा तथा साहित्यको विकासमा भएका केही आन्दोलनहरू

भाषामा सम्पन्नता विकास गर्न त्यस भाषामा साहित्य लेखिनु पर्दछ साहित्य लेखन पठन तथा सम्प्रेषणका सिलसिलामा सिर्जन तथा ग्रहणका दुवै पक्ष समेटिन्छन्। सर्जकले आफ्ना भावहरूलाई आलङ्कारिक भाषामा उतार्ने प्रयास गर्छ। त्यतिबेला भावलाई बहन गर्ने अनेक शब्दहरू पनि आवश्यक पर्छन्। त्यस्ता शब्दहरू परिवेशका सहभाषाहरूबाट

ग्रहण गरिन्छन् या त व्युत्पादन गरिन्छन् यस्ता प्रयासहरू निर्विवाद नहुन सक्छन्। यस्ता परिस्थितिमा अनेक आन्दोलन र अभियानहरूको जन्म हुन सक्दछन्। यस्ता आन्दोलन तथा अभियानले भाषाको गतिशीलता तथा उन्नयनमा सकारात्मक ढङ्गले टेवा पुऱ्याउँछन्। भाषाको प्रयोग क्षेत्र विस्तार मानकीकरण तथा एकरूपीकरणका लागि यस्ता अभियानहरू सहयोगी नै बन्ने गरेका जीवन्त दृष्टान्त हाम्रा सम्मुख उपलब्ध छन्। मोतीमण्डली संस्कृतेत्तर आगन्तुक शब्दावली नेपाली भाषामा भित्त्याउने महत्त्वपूर्ण उपलब्धी हो। मूलतः संस्कृत प्रदत्त विरासत मात्र रहने नेपाली भाषामा उर्दूका गजलबाट प्रभावित मोतीराम र उनका समूहले अरवी फारसी हुँदै उर्दू स्रोतका शब्दहरू गजल मार्फत भित्त्याउने काम मात्र गरेनन् नेपाली साहित्यमा गजल विधा भित्त्याउने कार्य पनि गरे। मकै पर्वले समाजका उकुसमुकुसलाई विभिन्न बिम्ब मार्फत अभिव्यक्त गर्दै विद्रोही चेत प्रवाह गऱ्यो। झर्रोवादी आन्दोलनले आगन्तुक र तत्सम शब्दहरूले नेपाली भाषाको मौलिकता छोप्न लागेको परिस्थितिमा सचेत ढङ्गले नेपाली भाषाको श्रीवृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको थियो। यिनका अतिरिक्त आयामेली आन्दोलन, लेकाली समूह, राल्फाली आन्दोलन, अस्वीकृत जमात, अमलेख, यङ राइटर्स फ्रन्ट, बुटपालिस, सडक कविता क्रान्ति, भोक कविता आन्दोलन, सडक नाटक अभियान, आरोहण मञ्च, तरलवाद, लीलालेखन जस्ता आन्दोलन तथा अभियानहरूले नेपाली भाषाको विकास तथा विस्तारमा यथोचित टेवा पुऱ्याएका थिए।

## ५. नेपाली व्याकरणको परम्परा

व्याकरण भाषाको अनुशासन हो। व्याकरणको अभावमा भाषा छिरोलिन्छ। छिरोलिएको भाषाको प्रयोग अराजक वा जथाभावी हुन जान्छ। भाषिक समुदायबीच नै सम्प्रेषण सून्यताको स्थिति उत्पन्न हुन गई भाषिक अपसरणको स्थिति पैदा हुन सक्छ। भाषालाई मानक र सर्वस्वीकार्य बनाउन सकियो भने भाषिक समुदायका सबैको साझा सम्पर्कको भाषा बन्न गई मानवीय समाजमा विचार विनिमयको प्रभावकारी माध्यमको भूमिका निर्वाह गर्न सक्छ। भाषाको संरक्षण एकरूपीकरण मानकीकरण गर्दै साझा सम्प्रेषणको भाषा बनाउन त्यसको व्याकरण निर्माण अपरिहार्य हुन्छ। पोखरेल (२०५०) ले विक्रमको एघारौँ शताब्दीतिर वाजपरीक्षा नामको हस्तलिखित कृति प्राप्त भएको बताएका छन् (पृ. २)। यस भनाइलाई आधार मानी आचार्य (२०७४) नेपाली भाषाको अभिलेख लेखन र पुस्तक लेखन सँगसँगै सुरु भयो र लेखनमा भाषा आएपछि नै भाषाको शुद्धाशुद्धि सम्बन्धी चर्चा उठ्न सुरु गरे भन्ने विचार व्यक्त गर्दछन् (पृ. १३)। यद्यपि व्याकरण नै भनेर सुरुमा कुनै कृति अभिलेख कालमा फेला परेका छैनन्। नेपाली व्याकरणको सर्वेक्षणमा गहन शोध गरेका सुकुम शर्मा (२०७०) नेपाली भाषाको व्याकरण लेखनको प्रारम्भ गरेको श्रेय जे.ए. एटनलाई दिन्छन् र नेपाली व्याकरणको विकासलाई निम्नानुसार काल बिभाजन गर्दछन्।

### पहिलो चरण

नेपाली भाषामा गोरखापत्र प्रकाशन हुन थालेको समय विन्दुलाई एउटा ऐतिहासिक कोसेढुङ्गाको रूपमा लिदै उनले एटन (१८२०) देखि गोरखा पत्र प्रकाशन बीचको अवधीलाई नेपालीमा व्याकरण विकासको पृष्ठभूमि काल बताएका छन्। एटन नेपाली व्याकरण परम्परामा आदि व्याकरणकार हुन्। उनी पूर्व नेपाली भाषालाई 'गोर्खा भाषा' पर्वते भाषा, खस भाषा आदि अनेक नामले पुकारिन्थ्यो। यस भाषालाई नेपाली भनी नामकरण गर्ने श्रेय पनि एटनलाई नै छ। एटन पछि निम्नानुसार व्याकरणकारहरूको योगदान रहेको कुरा शर्माले उल्लेख गरेका छन् :

### ब्राइन हुटन होजसन (१८२८)

भाषाशास्त्र, जातिशास्त्र, बौद्ध दर्शन र प्राणीशास्त्रका बारेमा अध्ययन गरेका होजसनले पनि नेपाली व्याकरणमा योगदान पुऱ्याएका छन्। उनले नेपाली

थरहरूको सङ्कलन गर्नुका साथै नेपालका विविध भाषासँग नेपाली भाषाको तुलनात्मक अध्ययन गरेका छन्।

**अमृतानन्द बाँडा**

अमृतानन्दकृत व्याकरण हाल उपलब्ध नभए पनि हुटन होजसनको पाण्डुलिपीको सङ्ग्रहमा यो उल्लेख भएको बताइएको छ। यसलाई नेपाली विद्वान्बाट व्याकरणको लेखनका निम्ति गरिएको पहिलो प्रयासका रूपमा लिइएको छ।

**जोन विम्स (१८६७)**

सन् १८६७ मा आउटलाइन अफ इन्डियन फिलोलजी नामको पुस्तक लेखेर भारतीय आर्य भाषाहरूको वर्गीकरण गरेका थिए। उनले युरेसियाका भाषाहरूलाई (क) समेटिक (ख) इण्डोजर्मनिक र (ग) तुरानियन भाषा परिवारमा वर्गीकरण गरी विश्लेषण गरेका छन् र उनले नेपाली भाषालाई इण्डोजर्मनिक अन्तर्गत पर्ने बताएका छन्।

**एस.एच. केगल (१८७५)**

'अ ग्रामर अफ हिन्दी ल्याङ्ग्वेज' नामको कृतिमा केगलले संस्कृतबाट प्राकृत हुँदै जन्मिएका आधुनिक आर्य भाषाहरूलाई समेटेका छन्। नेपाली भाषालाई हिन्दी भाषाको हिमाली भाषिकाका रूपमा प्रस्तुत गरिएको उनको निष्कर्षलाई भने खोटपूर्ण मानिन्छ।

**ड्यानियल राइट (१८७७)**

नेपाली भाषा र शब्दकोशको खाँचो बोध गरेका राइट्सले आफ्नो हिस्ट्रि अफ नेपाल पुस्तक लेखेका छन्। इतिहास लेखनका सिलसिलामा नेपालमा विविध जातिका मानिसले बोल्ने भाषाका सम्बन्धमा सामान्य जानकारी दिएका छन्। उनले पुस्तकको अन्त्यमा शब्दावली समावेश गरेको उल्लेख पाइन्छ।

**रुडोल्फ हर्न्ले (१८८०)**

रुडोल्फ हर्न्लेलले आफ्नो कृति अ कम्पेरेटिभ ग्रामर अफ द गौडियन ल्याङ्वेजिज (१८८०) मा भारतीय भाषाहरूको वर्गीकरण गरी अध्ययन गर्ने क्रममा नेपाली भाषाको पनि चर्चा गरेको पाइन्छ। नेपाली भाषाका विशेषता चिनाउँदा उनले यस भाषाका व्याकरणिक विशेषतालाई पनि चिनाएका छन्।

**टर्नबुल**

नेपाली व्याकरण लेखन परम्परामा टर्नबुलको योगदान निकै महत्त्वपूर्ण मानिन्छ। उनका नेपाली ग्रामर एण्ड इङ्गिलिस नेपाली, नेपाली इङ्गिलस भोकाबुलरी (१८८७), गोर्खाली एण्ड पर्वते ग्रामर एण्ड भोकाबुलरी (१९०४) र नेपाली ग्रामर एण्ड भोकाबुलरी (१९२३) गरी तीनवटा कृति लेखेको पाइन्छ। नेपाली भाषामै केन्द्रित भई व्याकरण लेख्ने विदेशी विद्वान्हरूमा एटन पछिका विद्वान् टर्नबुल नै हुन्।

माथिका विद्वान्हरूका अतिरिक्त मेजर ए.जि.एफ. ब्राउन, डोपिङ हेपन्स्टल जस्ता विद्वान्हरूको योगदान रहेको तथ्य पाइन्छ। यसरी हेर्दा नेपाली व्याकरण लेखनका प्रारम्भिक प्रयासहरूमा विदेशी विद्वान्हरूको ठूलो योगदान रहेको ज्ञात हुन्छ।

**दोस्रो चरण**

नेपाली भाषाको पहिलो पाठ्यपुस्तक अक्षराङ्क शिक्षा र गोरखापत्र (१९५८) प्रकाशन भएपछि भने नेपाली भाषामा व्याकरणको अभाव भएको सम्बन्धमा मन्थन हुन थालेको पाइन्छ। शर्मा (२०७०) ले १९५८ देखि झर्रो आन्दोलन (२०१३) सम्मको अवधीलाई नेपाली व्याकरण लेखन परम्पराको दोस्रो चरणका रूपमा चर्चा गरेका छन्। यो अवधी नेपाली विद्वान्हरूमा भाषा र व्याकरणका क्षेत्रमा कार्य गर्ने उत्प्रेरणा जागेको समय हो। यस अवधीमा नेपाली व्याकरणका क्षेत्रमा योगदान पुऱ्याउने विद्वान्हरूमा वीरेन्द्रकेसरी अर्ज्याल पहिलो मानिन्छन्। उनको कृति भाषाको व्याकरण साहित्यशास्त्र भन्ने विवाद उठेको पनि पाइन्छ। यद्यपि शोधार्थीहरूले उनका योगदानलाई व्याकरणशास्त्र र साहित्यशास्त्र दुवैतिर चर्चा गरेको पाइन्छ। जयपृथ्वीबहादुर सिंहको प्राकृत अर्थात् पर्वतीय भाषाको व्याकरण (१९६९) नेपाली

व्याकरण परम्परामा महत्त्वपूर्ण प्राप्तिका रूपमा रहेको छ। हेमराज पण्डित कृत गोरखा भाषा चन्द्रिका व्याकरण (१९६९) एउटा वृहत् व्याकरणका रूपमा प्रकाशित भएको व्याकरण हो। परिभाषा र उदाहरणसहित प्रकाशित हुनु यसको महत्त्वपूर्ण विशेषता हो।

यसैगरी विश्वमणि दीक्षिताचार्यको गोरखा व्याकरण बोध (१९१३), चक्रपाणि चालिसेको भाषा व्याकरण (?), पहलमानसिंह स्वाँरको लघु व्याकरण (१९७५), सोमनाथ सिग्द्यालको मध्यचन्द्रिका (१९७६), लघुचान्द्रिका (१९९१), गोपाल पाँडे असीमको रचना दर्पण (भाग १ र २, १९९४), ह्रस्व दीर्घ आदिको सवाई (१९९७), राममणि आदीको भाषा व्याकरण (१९९९), हृदयचन्द्रसिंह प्रधानको चिन्ह परिचय (२०००) र शब्दशुद्धिविचार (२००४), पुष्करशमशेरको नेपाली सजिलो व्याकरण (२००१), ज्ञानप्रसाद शर्माको रचना सहायक (२००३), श्रीप्रसाद घिमिरेको ऐन्द्रीय चाँदनी (२००६), वेदनाथ शर्मा रेग्मीको शुद्ध नेपाली (२०१०) र वसन्तकुमार शर्मा नेपालको सङ्क्षिप्त नेपाली व्याकरण यस चरणका महत्त्वपूर्ण प्राप्ति हुन्। यस चरणमा पनि आर. किल्गोर, अब्राह्म ग्रियर्सन, जी.डब्लु.पि. मोने, ए.पी. मोलोनी, एम. सुन्दर, राल्फ लिलि टर्नर आदि विदेशी विद्वान्ले नेपाली व्याकरणको लेखन तथा विकासमा ठूलो योगदान पुऱ्याए।

यस चरणमा पत्रपत्रिका प्रकाशन, पुस्तक लेखन तथा प्रकाशन, कलेजको स्थापना तथा पठनपाठन जस्ता पक्षले नेपाली व्याकरण लेखनलाई प्रोत्साहित गरेको देखिन्छ। भाषाशास्त्रीय चिन्तनको प्रभाव देखिनु, भाषाका कुनै एक पक्षमा अन्वेषण गर्ने आधार आरम्भ हुनु, पाठबाट व्याकरणको खोजी हुनु आदि यस कालखण्डका व्याकरणका विशेषता हुन्।

**तेस्रो चरण**

वि.सं. १०१४ मा नेपाली विद्वान् रामराज पन्तको नेपाली भाषा विज्ञान प्रकाशित भएपछि नेपाली व्याकरण परम्पराले नयाँ मोड लिएको पाइन्छ। यस अवधीमा विदेशी भाषा अध्येताहरूबाट पनि भाषावैज्ञानिक अध्ययनका कार्य अघि बढाउने कार्य भएको पाइन्छ। यस अवधीलाई पनि शर्मा (२०७०) ले निम्नलिखित दुई उपचरणमा विभाजन गरी अध्ययन गर्न सकिने कुरा अघि सारेका छन्।

(क) पहिलो उपचरण (२०१४–२०२३)

(ख) दोस्रो उपचरण (२०२४ पछि)

**पहिलो उपचरण (२०१४–२०२३)**

पहिलो उपचरणमा भाषावैज्ञानिक चेतनासहित भाषाविज्ञानका मान्यतामा रहेर नेपाली व्याकरणका क्षेत्रमा कार्य विस्तार भएको पाइन्छ। पछिल्लो चरणमा भने नेपाली वाक्यका सन्दर्भबाट नेपाली व्याकरणको चर्चा आरम्भ भएको पाइन्छ। नेपाली व्याकरणका परम्परामा भाषावैज्ञानिक अध्ययनको पृष्ठभूमि (२०१४–२०२३) एक दशकको अवधी हो। वि.सं. २०२४ भन्दा पछि भने भाषावैज्ञानिक मान्यता अनुरूप व्याकरण लेखन अघि बढेको अवधी हो।

पहिलो चरण २०१४–२०२३ सम्म प्रकाशित व्याकरणिक कृतिहरूमा दिल्लीबहादुर श्रेष्ठ र मङ्गलकुमार उपाध्यायको नयाँ नेपाली रचना २०१४

रामेश्वरप्रसाद अधिकारी – नेपाली व्याकरण (१९५८ इ.)

देवीप्रसाद काफ्ले – नेपाली व्याकरण कुसुम (२०१४)

चन्द्रदेव ओझा – नेपाली शब्दशुद्धि (२०१६)

हर्षनान शर्मा भट्टराई – नेपाली शब्दशुद्धि (२०१६), नेपाली व्याकरणबोध (२०१६), अनिवार्य नेपाली व्याकरण (२०२३)

शेषराज शर्मा – प्रारम्भिक व्याकरण (२०१७)

शेषराज रेग्मी – नेपाली रचनाप्रकाश (१९६१ इ.)

माणिकबहादुर चित्रकार – नयाँ नेपषली व्याकरण (२०२१)

तीलकुमार शाही – नेपाली शिशु व्याकरण (२०२१)

सुन्दर श्रेष्ठ – छन्दोलङ्कार (२०२३)

जनकलाल शर्मा – नेपाली व्याकरण भाग १, २, ३ (२०२३)

कृष्णप्रसाद पराजुली – राम्रो रचना मीठा नेपाली (२०२३), नेपाली व्यावहारिक व्याकरण (२०२३)

उपरोक्तका अतिरिक्त भाषाशास्त्रीय अध्ययनको क्रम पनि सँगसँगै अघि बढेको देखिन्छ। रामराज पन्त, पारसमणि प्रधान, बालकृष्ण पोखरेल, दयानन्द श्रीवास्तव, टी. डब्लु. क्लार्क, महानन्द सापकोटा, जुल्स बल्ख, राल्फ लिलि टर्नर आदि विद्वान्हरूले नेपाली भाषा विकासमा भाषाशास्त्रीय अध्ययनका क्षेत्रबाट महत्त्वपूर्ण टेवा पुऱ्याएको देखिन्छ। सजिलो लेखन (२०१६) लिपिसुधार अभियान तथा जनजिब्रो लेखन (२०२०) जस्ता भाषा सुधार आन्दोलन पनि यस अवधीमा भएका देखिन्छन्।

**दोस्रो उपचरण (२०२४ देखि यता)**

नेपाली व्याकरण परम्परामा यस चरणमा पनि परम्परागत व्याकरणले लेखनले नै निरन्तरता पाएको देखिन्छ। चन्द्रिका गोरखा भाषा व्याकरण (१९६९) मध्य चन्द्रिका (१९७६) बाट स्थापित मान्यताको निरन्तरता पाइन्छ। नेपाली व्याकरणका आरम्भदेखि नै निरन्तरता क्षेत्रमा काम गर्ने नेपाली वैयाकरण र तिनका कृतिहरू निम्नानुसार छन्।

मोहनराज शर्मा – नेपाली व्याकरण परिचय (२०२४), शब्द रचना र वर्णविन्यास (२०३१), प्रज्ञा नेपाली सन्दर्भ व्याकरण (२०७१)

तुलसीप्रसाद ढुङ्ग्याल – नेपाली रचना शिल्प (२०२५)

ऋषभदेव शास्त्री – नेपाली व्याकरणको दन्तेकथा (?)

विष्णु गोपाल र शिवगोपाल रिसाल – नेपाली भाषा व्याकरण (२०२७)

रामचन्द्र ढुङ्गाना – सरल नेपाली व्याकरण (२०२९)

नरेन्द्र चापागाइँ – शब्द वाक्य र अभिव्यक्ति (२०३२, भाषातत्व (२०३२)

रोहिणीप्रसाद भट्टराई – वृहत् नेपाली व्याकरण (२०३३)

मुकुन्दशरण उपाध्याय – नेपाली भाषा व्याकरण प्रस्तावना र विवेचना (२०४३)

डिल्लीरमण शर्मा अर्याल – धातु परिचय (२०४७), व्याकरण परिचय (२०५२)

उपरोक्त बाहेक भाषाशास्त्रीय अध्ययनका क्षेत्रबाट नेपाली भाषा विकासमा योगदान पुऱ्याउने विद्वान्हरूमा चूडामणि बन्धु, महानन्द सापकोटा, आन्ना भारिया हरी, गोपालनिधि तिवारी, सुरेन्द्रप्रसाद शाह, डिल्लीराम तिमल्सिना, व्रतराज आचार्य, हेमाङ्गराज अधिकारी, रामविक्रम सिजापति, तुलसीप्रसाद भट्टराई, बालकृष्ण पोखेल मुख्य रहेका देखिन्छन्।

## ६. निष्कर्ष

आधुनिक नेपाली भाषाको विकास संस्कृतको कुनै भाषिकाबाट विस्तारीविस्तारी अरूअरू भाषिकाहरूमा कहिल्यै नटुङ्गिने प्रभावहरूलाई आत्मसात गर्दै कुनै प्राकृतको बोलिने भाषिका हुँदै र स्तरीय र अरूखाले संस्कृत अनि प्राकृत भाषिकाहरूका निरन्तरका प्रभावहरूलाई समयसमयमा ग्रहण गर्दै आजका रूपमा भएको हो। कथ्य भाषा प्रयोगको धेरै समय पछि लेख्य स्वरूप प्रयोग हुन थाल्यो, लेख्य स्वरूप प्रयोगसँगै भाषानुशासन/व्याकरणको आवश्यक भयो। भाषामा सम्पन्नता विकास गर्न त्यस भाषामा साहित्य पनि लेखिनु पर्दछ साहित्य लेखन पठन तथा सम्प्रेषणका सिलसिलामा सिर्जन तथा ग्रहणका दुवै पक्ष समेटिन्छन्।

नेपाली भाषामा गोरखापत्र प्रकाशन हुन थालेको समय विन्दुलाई एउटा ऐतिहासिक कोसेढुङ्गाको रूपमा लिदै एटन (१८२०) देखि गोरखा पत्र प्रकाशन बीचको अवधीलाई नेपालीमा व्याकरण विकासको पृष्ठभूमि काल वा पहिलो चरण

मानिएको छ। एटन नेपाली व्याकरण परम्परामा आदि व्याकरणकार हुन्। उनी पछि ब्राइन हुटन होजसन, अमृतानन्द बाँडा, जोन विम्स , एस.एच. केगल ,ड्यानियल राइट ,रुडोल्फ हर्न्ले , टर्नबुल जस्ता विद्वानहरूले नेपाली व्याकरण विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

दोस्रो चरणमा नेपाली भाषाको पहिलो पाठ्यपुस्तक अक्षराङ्क शिक्षा र गोरखापत्र (१९५८) प्रकाशन भएपछि भने नेपाली भाषामा व्याकरणको अभाव भएको सम्बन्धमा मन्थन हुन थालेको पाइन्छ। १९५८ देखि झर्रो आन्दोलन (२०१३) सम्मको अवधीलाई नेपाली व्याकरण लेखन परम्पराको दोस्रो चरण मानिएको छ । यो अवधी नेपाली विद्वान्हरूमा भाषा र व्याकरणका क्षेत्रमा कार्य गर्ने उत्प्रेरणा जागेको समय हो। यस अवधीमा नेपाली व्याकरणका क्षेत्रमा योगदान पुऱ्याउने विद्वान्हरूमा वीरेन्द्रकेसरी अर्ज्याल पहिलो मानिन्छन्। जयपृथ्वीबहादुर सिंह, हेमराज पण्डित, विश्वमणि दीक्षिताचार्य, चक्रपाणि चालिसे, पहलमानसिंह स्वाँर, सोमनाथ सिग्द्याल,  गोपाल पाँडे असीम, राममणि आ.दी., पुष्करशमशेर, ज्ञानप्रसाद शर्मा, श्रीप्रसाद घिमिरे, वेदनाथ शर्मा रेग्मी, वसन्तकुमार शर्मा नेपाल आदि विद्वान् रहेका छन्।

तेस्रो चरण वि.सं. १०१४ मा नेपाली विद्वान् रामराज पन्तको नेपाली भाषा विज्ञान प्रकाशित भएपछि नेपाली व्याकरण परम्पराले नयाँ मोड लिएको पाइन्छ। यस अवधीमा विदेशी भाषा अध्येताहरूबाट पनि भाषावैज्ञानिक अध्ययनका कार्य अघि बढाउने कार्य भएको पाइन्छ। यस अवधीलाई पनि शर्मा (२०७०) ले निम्नलिखित दुई उपचरणमा विभाजन गरी अध्ययन गर्न सकिने कुरा अघि सारेका छन्।

भाषाशास्त्रीय अध्ययन तथा लेखन, भाषा व्याकरण लेखन, शैक्षणिक व्याकरण लेखन तथा वर्णविन्यास सम्बन्धी चिन्तन र बहस हालसम्म पनि निरन्तर प्रक्रियाकै रूपमा चलिरहेको छ र चलिरहने छ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज, भट्टराई, वद्रिविसाल र लोहनी, राम (सम्पा.) (२०७४), *साठी वर्षका भाषिक चर्चा,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

आचार्य, बाबुराम (२०७२), *नेपालको संक्षिप्त वृत्तान्त,* काठमाडौँ : श्रीकृष्ण आचार्य।

आचार्य, सर्वराज (२०७४), *नेपाली वर्णविन्यासको मानकीकरणको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

खनाल, मोहनप्रसाद (२०७०), *नेपाली भाषाका हजार वर्ष,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

गौतम, देवीप्रसाद (२०४९), *नेपाली भाषा परिचय,* काठमाडौँ : साझा प्रकाशन।

पराजुली, ठाकुरप्रसाद (२०४५), *नेपाली साहित्यको परिक्रमा,* काठमाडौँ : नेपाली विद्या प्रकाशन।

पोखरेल, बालकृष्ण (२०५०), *पाँच सय वर्ष,* काठमाडौँ : साझा प्रकाशन।

........ (२०५५), *राष्ट्रभाषा,* काठमाडौँ : साझा प्रकाशन।

रेग्मी, भीमनारायण (सम्पा.) (२०७४), *लेख्य नेपालीको एकरूपीकरण,* काठमाडौ : नेपाल प्रज्ञा प्रतिष्ठान।

शर्मा, तारानाथ (२०५६), *नेपाली साहित्यको इतिहास,* काठमाडौँ : अक्षर प्रकाशन।

शर्मा, सुकुम (२०७०), *नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण,* काठमाडौँ : सनलाइट पब्लिकेसन।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०६१), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* काठमाडौ : साझा प्रकाशन।